**निर्णय नं. १ :**
यस नगरपालिकाको तेस्रो नगरसभा, चौथो नगरसभा, नगर कार्यपालिका बैठकको निर्णयबाट बिनियोजन भएका विभिन्न योजनाहरुको कार्यान्वयन गर्नको लागि उपभोक्ता समितिसंग योजना सम्झौता गर्ने अन्तिम म्याद २०७६ बैशाख मसान्त सम्म तोक्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**
यस नगरपालिकाको नगरसभाबाट विभिन्न शिर्षकमा बिनियोजन गरेको बजेट मध्ये कुनै शिर्षकमा रकम बचत हुने देखिएको र पूँजीगत कार्यक्रममा खर्च हुने स्थानीय विकास कोष, मर्मतसंभार कोषको साथै अन्य शिर्षकमा रकम नपुग हुने देखिएकोले निम्नानुसारका शिर्षकबाट निम्नानुसारका शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो । साथै स्थानीय विकास कोष र मर्मतसंभार कोषमा रकमान्तर गरिएको रकमबाट पूँजीगत कार्यक्रममा मात्रै खर्च गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिल :**

| क.सं. | खर्च शिर्षकको नाम | खर्च शिर्षक नं. | बिनियोजित बजेट | घटाउने रु. | बढाउने रु. | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|
| १ | तलब | २१११११ | १,६७,००,०००।- | २२,००,०००।- | – | १,४५,००,०००।- |
| २ | पदाधिकारीको पारिश्रमीक | २१११२ | १,१९,५६,०००।- | १५,५६,०००।- | – | १,०४,००,०००।- |
| ३ | अन्य भत्ता | २११३९ | ७०,००,०००।- | १५,००,०००।- | – | ५५,००,०००।- |
| ४ | ईन्धन सवारी | २२२११ | ८,००,०००।- | – | ३,५६,०००।- | ११,५६,०००।- |
| ५ | अन्य सेवा शुल्क | २२४१९ | ४४,४५,०००।- | – | २२,००,०००।- | ६६,४५,०००।- |
| ६ | मर्मत संभार बिशेष कोष | | ५९,००,०००।- | – | ११,००,०००।- | ७०,००,०००।- |
| ७ | स्थानीय विकास बिशेष कोष | | ३२,००,०००।- | – | १६,००,०००।- | ४८,००,०००।- |
| | जम्मा | | ५,००,०१,०००।- | ५२,५६,०००।- | ५२,५६,०००।- | ५,००,०१,०००।- |

**निर्णय नं. ३ :**
मिति २०७५/१०/२३ गतेको कार्यपालिका बैठकले यसै नगरपालिका वडा नं. ६ स्थित नगरपालिकाको प्रशासकीय भवन नजिक पुरानो राजमार्गको किनारमा रहेका ८ परिवार तथा यसै नगरपालिका वडा नं. १ को तरकारी चोक नजिक बसोवास गरेका १४ परिवार भूमीहिन सुकुम्वासीहरुलाई वडा नं. १ मा रहेको सार्वजनिक जग्गामा स्थानान्तरण गर्नु पर्ने भएकोले निजहरुलाई उक्त स्थानमा बसोबास योग्य संरचना बनाउनको लागि प्राविधिकबाट लागत ईस्टीमेट तयार गरी बढीमा प्रति परिवार रु.२५,०००।-सम्म उपलब्ध गराउने भनी निर्णय गरेकोमा हालसम्म १० वटा आवास निर्माण भई सकेको र सोको कूल लागत रु.३,५८ ०९८।- भएको देखिदा बढी खर्चभएको रु.१,०८,०९८।- र सोही आवासको लागि निर्माण गरिएका ३ थान हाते पम्पको जडान तथा सामानको खर्च रु.६८,४१४।५० स्थानीय विकास बिशेष कोषबाट खर्च भएकोमा सो रकम अनुमोदन गर्ने निर्णय गरियो ।
त्यस्तै गरी कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने गरी नगर प्रमुखबाट निर्णय भई विभिन्न विशेष कोषबाट खर्च गर्ने गरी कार्यादेश समेत दिईएका तपसिल बमोजिमका योजनाहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | वडा कार्यालय परिसरको रिटेनिङ्ग वाल निर्माण | २ | ४,९५,०००।- | स्थानीय विकास बिशेष कोष |
| २ | ईचर्नि खोलामा कलभर्ट निर्माण कार्य | १३ | २,२५,०००।- | मर्मत संभार कोष |
| ३ | आत्मज्ञान प्रचार संघ भवनको जस्तापाता फेर्ने काम | १० | १,००,०००।- | मर्मत संभार कोष |

**निर्णय नं. ४ :**

यस नगरपालिकाको वडा नं. १ मा सञ्चालीत कंकाली माध्यमिक विद्यालय र वडा नं. २ मा सञ्चालीत जनजीवन माध्यमिक विद्यालयको ४ कोठे भवन निर्माण गर्न केन्द्रिय सरकारको तर्फबाट सशर्त अनुदानमा रकम बिनियोजन भई आएको छ । उक्त योजनाको सम्झौता गर्दा उपभोक्त समिति वा समुदायको लागत सहभागीताको अंशयोगदान अनिवार्य गरी केही रकम समावेश भई योजनाको कूल लागत अनुमान गरिएको रहेछ । सम्बन्धित विद्यालयको आर्थिक अवस्था निकै कमजोर रहेको, समुदाय/उपभोक्ता समितिबाट पनि उक्त अंश योगदान व्यहोर्न सक्ने अवस्था नभएकोले उक्त विद्यालयको भौतीक पूर्वाधार निर्माणको लागि वडा कार्यालयबाट र नगरपालिकाबाट समेत बजेट बिनियोजन भएकोले वडा कार्यालय र नगरपालिकाबाट बिनियोजन भएको बजेटलाई समुदायको अंश योगदान कायम गरी योजना कार्यान्वयनको लागि सम्बन्धित वडा कार्यालयबाट समेत सिफारिश भई आएकोले उक्त विद्यालयमा भौतीक पूर्वाधार निर्माणमा बिनियोजित बजेटलाई समुदायको अंश योगदान कायम गरी योजनाको लागत अनुमान तयार गरी योजना सञ्चालन गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।